मितिः२०८३।०५।०५ गतेको कार्यपालिका निर्णय ९१ औ कार्यपालिका बैठक

| निर्णय नं. | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| १ | बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो ९० औं कार्यपालिकाको निर्णयहरू सोको कार्यान्वयनको अवस्था सम्बन्धमा आवश्यक छलफल र समीक्षा गरियो यस सम्बन्धमा निर्णयहरू कार्यान्वयनमा रहेकोले प्रभावकारी बनाउन नियमित समन्वय र सहजीकरण गर्ने। |
| २ | कार्यबिधि संसोधन सम्बन्धमा। | १.दुग्ध उत्पादक कृषकहरूलाई उत्पादनका आधारमा अनुदान सम्बन्धी कार्यबिधि,२०८१ को दफा ७ को "ग" मा ५० पैसाको स्थानमा रू १ बनाउने।<br>२.लेटाङ नगरपालिका श्रमिक संचालन कार्यबिधि २०८० को दफा ६ उपदफा ३ खारेज गरी उक्त दफमा देहायको शब्द राखे।<br>देहायः<br>श्रमिक हितकोषमा निर्माण व्यवसायी र श्रमिकहरूलाई निशुल्क आबद्धता तथा बार्षिक नविकरण गर्ने। |
| ३ | विपद् प्रतिकार्य सम्बन्धमा। | लेटाङ नगरपालिका क्षेत्रभित्र अवस्थित चिसाङ, तेली र मोरङ्गी खोलामा उच्च जोखिम युक्त स्थानहरूको पहिचान गरी विपद् व्यवस्थापनका लागि आगामी कार्यपालिकामा पेश गर्न पूर्वाधार विकास शाखालाई अनुमती प्रदान गर्ने। |
| ४ | बिद्युत प्राधीकरणलाई पत्राचार गर्ने। | लेटाङ नगरपालिकामा समय - समयमा विद्युत अवरूद्ध भएकोमा नगरवासीहरूबाट जनगुनासो प्रास भएको हुँदा नेपाल बिद्युत प्राधीकरणलाई व्रिद्युत सेवा व्यवस्थित गर्न पत्राचार गर्ने। |
| ५ | विद्युत पोल हटाउने सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ५ को सिफारिस बमोजिम जोखिमयुक्त स्थानमा रहेका बिद्युत पोलहरू व्यवस्थापनका लागि नेपाल बिद्युत प्राधिकारण बेलबारीलाई सिफारिस गर्ने। |
| ६ | तह मिलान सम्बन्धमा। | लेटाङ भोगटेनी नगरपालिकाको कार्यालयको मितिः२०७२।०८।२७ गतेको निर्णय अनुसार प्राविधिक शाखा प्रमुख इन्जिनियर श्री भानुभक्त राई इन्जिनियरिङ सेवा, सिभिल समूह, सिभिल इन्जिनियर पद अधिकृतस्तर छैटौं तहमा सेवा करार भएकोमा हाल सिभिल इन्जिनियर पद सातौं तहको मात्र हुने व्यवस्था स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन – २०८० रहेकाले निजलाई तह मिलान गरी सातौं तह कायम गर्ने। |
| ७ | झोरपोङ सम्मेलन सहभागी सम्बन्धमा। | लेटाङ नगरपालिकामा मुस्ताङको झोरपोङ सम्मेलन सहभागी हुन झोरपोङ गाउँपालिकाबाट सहभागिताका लागि निमन्त्रणा भई आएकोमा नगर प्रमुखको भ्रमण स्विकृत गर्ने। |
| ८ | नगर अस्पताल उद्घघाटन समबन्धमा। | लेटाङ नगरपालिकाको नगरअस्पताल मितिः२०८३।०५।१५ गतेको दिन उद्घघाटन गर्ने। |

मिति:२०८३।०५।०५ गतेको कार्यपालिका निर्णय ९१ औ कार्यपालिका बैठक

| | | |
|---|---|---|
| ९ | सार्वजनिक सेवा प्रवाह सम्बन्धमा। | हाल संचालनमा रहेको लेटाङ अस्पतालको स्थानमा आधारभुत स्वास्थ्य केन्द्र संचालन गर्ने, साथै उक्त स्थानमा नगरपालिका भुमि व्यवस्थापन शाखा संञ्चालन गर्ने। |
| १० | मदन मार्गको भुक्तानी सम्बन्धमा। | लेटाङ नगरपालिका भई जाने मदन भण्डारी राष्ट्रिय राजमार्ग सडक मर्मत संभारका लागि मदन भण्डारी राष्ट्रिय राजमार्ग आयोजनालाई पटक/पटक आग्रह भई आएकोमा मर्मत संभार नभएकोमा अघिल्लो कार्यपालिका निर्णय बमोजिम मर्मत संभार गर्ने निर्णय भएकोमा प्राविधिक मुल्याङ्कन बमोजिम रकम भुक्तानी प्रदान गर्ने। र उक्त भुक्तानीको श्रोत भर्नाका लागि मदन भण्डारी राष्ट्रिय राजमार्ग आयोजना कार्यालय दमकलाई अनुरोध गर्ने। (सडक मर्मत संभार कोष) |
| ११ | मर्मत संभारको भुक्तानी सम्बन्धमा। | लेटाङ नगरपालिकाको देहायको सडक मर्मत संभारमा भएको खर्च प्राविधिक मुल्याङ्कन बमोजिम भुक्तानी प्रदान गर्ने। (श्रोतः सडक मर्मत संभार कोष)<br>देहायः<br>• किर्तिमान सडक मर्मत संभार – रू५८०००/-<br>• श्री आ.वि लाइन मर्मत संभार – रू५४३००/- |
| १२ | सूचना प्रकाशन | १.निशुल्क श्रमिकहरूको सूचिकरण र विमाको लागि सूचना प्रकाशन गर्ने।<br>२.गरिबी निवारण कोष संन्चालन कार्यबिधि बमोजिम गरिबी निवारण कार्यक्रम संचालनका लागि सूचना प्रकाशन गर्ने। |
| १३ | स्वास्थ्य चौकी लेटाङ-८ को सूचना सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ८ को जाँते स्वास्थ्य चौकीको मिति:२०८३।०५।०१ गते प्रकाशन भएको सूचना बमोजिम आम नागरिकमा सृजना भएको भ्रमको सम्बन्धमा लेटाङ नगरपालिकाबाट विज्ञप्ती जारी गर्ने। |
| १४ | अध्ययन समिति गठन गर्ने। | लेटाङ नगरपालिका वडा न ८ को जाँते स्वास्थ्य चौकीमा संचलनमा रहेको ल्याव सेवा सम्बन्धमा उक्त सेवामा सेवा ग्राहीको कमी हुनका कारण र सेवाग्राही वृद्धि गर्ने उपायहरू पहिचान गरी आगामी कार्यपालिकामा प्रतिवेदन पेश गर्नका लागि देहायको एक समिति गठन गर्ने।<br>देहायः<br>डा. मनिष उप्रेती – संयोजक<br>अर्जुनकुमार चौधरी - सदस्य<br>जगत प्रसाद मगर – सदस्य सचिव |